आज मिति २०८० साल असोज २१ गते आइतबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०५/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुकोच उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१. शुभकामना आदान-प्रदान सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालीहरुको महान चाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्व- २०८० को पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण ऐसेलुखर्कवासी लगायत नेपाली आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ती, सु-स्वास्थ्य, दीर्घायु एवम् समृद्धिको कामना सहित शुभकामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. एम्बुलेन्स माग सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काठमाडौं, बाग्मती प्रदेश, नेपालको पत्र सं. ०८०/८१, च.नं. २५९, मिति २०८०/०६/०४ गते प्रकाशित एम्बुलेन्स माग गर्ने सम्बन्धी सार्वजनिक सूचना अनुसार चालू आ.व. २०८०/०८१ मा महानगरपालिकाले उपलब्ध गराउने एम्बुलेन्स गा.पा. को लागि माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**३. आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कारागार बन्दिगृह, खोटाङका सम्पूर्ण कैदीबन्दिहरुको मिति २०८०/०६/०७ गतेको निवेदन अनुसार नेपालीहरुको आउँदै गरेको महान चाड दशैं, तिहारलगायतको चाडपर्वमा खर्च अपूग हुने भनी आर्थिक सहयोग माग भएकोले रु. २१,०००/- बराबरको लत्ताकपडा आर्थिक सहायता कोष शीर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**४. ऐसेलुखर्क गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँ शिक्षा समितिको मिति २०८०/०६/१९ गतेको दरबन्दी मिलान तथा व्यवस्थापन र शैक्षिक क्षतीपूर्ति सम्बन्धी भएको प्रस्ताव तथा निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता म्याद थप सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८० साल असोज मसान्तमा करार सेवा सम्झौता समाप्त भई उमेर हद ५८ वर्ष पूरा भइसकेका कर्मचारीबाहेक ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको मिति २०८० साल कार्तिक १ गतेदेखि लागू हुने गरी मिति २०८० पुस मसान्तसम्म करार सेवा सम्झौता थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**६. बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूची स्वीकृत तथा सार्वजिनक सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बनधी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो संशोधन २०७८/०९/३०) निर्देशिका २०७५ को दफा १८ बमोजिम आ.व. २०८०/०८१ को लागि बेरोजगार सूचीमा सूचीकृत भई १०० दिनको न्यूनतम रोजगारीमा संलग्न

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

हुन चाहने बेरोजगार व्यक्तिहरुको रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्टि भएका ९०० जना बेरोजगार व्यक्तिहरुको रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)को स्वचालित प्रणालीबाट तयार भएको प्राथमिकताक्रम निर्धारणसूची स्वीकृत गरी सार्वजनिक गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. २०८०/०८१ को आयोजना बैङ्क सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना/आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ (३) बमोजिम तपसिल बमोजिमको श्रममूलक योजना/आयोजनाहरुको आयोजना बैङ्क (प्रोजेक्ट बैङ्क) बनाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| आयोजना बैंक- आ.व. २०८०/०८१ | |
|---|---|
| **वडानं.** | **योजना/आयोजनाकको नाम** |
| १ | थम्लु लैसिला सडक ग्यावियन बक्स फिलिङ |
| | वादस्कु सडक ग्यावियन बक्सफिलिङ |
| | वयम्ला पुल गोरोटो बाटोमर्मत |
| | दमाई गाउँ देखि चौकीबारी गोरेटोबाटो मर्मत |
| | नावा पुल देखि ढुकुरतेल गोरेटोबाटो मर्मत |
| | सुम्तेल चोक्सु गोरेटो बाटोमर्मत |
| | भदौरे बेनेसेम सडक सोलिङ |
| २ | झाँक्रीबास- बाकाचोल- बादेल सडक मर्मत, सोलिङ तथा ग्यावियन बक्स फिलिङ |
| | बाकाचोल पारा सडक सोलिङ तथा ग्यावियन बक्स फिलिङ |
| | सोरना थाइलिङ गुम्बा सडक सोलिङ |
| | बाकाचोल मुखिया टोल सडक सोलिङ |
| ३ | बाङ्खोला लबुवा साउने खोला ऐसेलुखर्क राई गाउँ ग्यावियन बक्स फिलिङ |
| | छुका पहिरो रोकथान ग्यावियन बक्स फिलिङ |
| | बिहिबारे सडक पहिरो रोकथाम ग्यावियन बक्स फिलिङ |
| | ओडारे ठाडो टोल सडक सोलिङ तथा ग्यावियन बक्स फिलिङ |
| | दिम्माबेशी भोक्टेनी घाट जानेगोरेटो बाटो मर्मत |

गौरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश

| | |
|---|---|
| | दिम्मा शिव मन्दिर सडक सोलिङ |
| | ऐसेलुखर्क बोडिङ सडक सोलिङ |
| ४ | मावा दिब्दी बाह्रहाते सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ |
| | बाबियोखर्क हङ्खाइ विद्यालय गोरेटो बाटो मर्मत |
| | रमिले तिनटाट्ने सडक सोलिङ |
| | बाबियोखर्क खानेपानी मर्मत |
| | रिल्खु खोला ग्याबियन बक्सफिलिङ |
| ५ | शिशु मा.वि. लिस्पु गोरेटो बाटो मर्मत |
| | तिन्तेफार-ढोडेनी-लपान-सानो ढुम्मे सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ |
| | डरेली पाखा सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ |
| | जिसी खोला सडक ग्याबियन बक्सफिलिङ |
| | तिन्तेफार लुकुर्सी सडक सोलिङतथा |
| | सिम खोला सडक ग्याबियन बक्सफिलिङ |
| | तामे खोला ग्याबियन बक्सफिलिङ |
| | कात्तिके गुरुङ खोला सडकसोलिङ |
| | चोक्टी खोला सडक सोलिङ तथाग्याबियन बक्स फिलिङ |
| | मुखिया टोल सडक सोलिङ |
| | लिस्पु धाराफार खानेपानी मुहानमर्मत |
| | चक्ची खोला सडक ग्याबियन बक्सफिलिङ |
| | प्रच्युदेल साउदेल खानेपानीमर्मत |
| ६ | सल्ले जिरो पोइन्ट हुँदै स्वास्थ्य चौकीसम्म सडक सोलिङ |
| | वडा कार्यालय हुँदै आहाले सडकसोलिङ |
| | चङ्खुले पहिरो ग्याबियन बक्सफिलिङ |
| | नोरोङ माक्पा सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ |
| | थामखर्क माक्पा बेप्ला रावाखोला सडक सोलिङ |
| | रातमाटे संझना चइन्टार सडक सोलिङ |
| | देशारे-आहाले गोरेटो बाटो निर्माण |

गौरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| | कालिका देविथान मर्मत |
| | लेवादेखि मंगलबारे घाट जाने बाटो मर्मत |
| | लेवा बरडाँडा ह्वाङ खोला गोरेटो बाटो मर्मत |
| ७ | मडकेला देखि इलिम जाने गोरेटो बाटो मर्मत |
| | रिस्लङ्कुदेखि कोइली डाँडासम्म गोरेटो बाटो मर्मत |
| | भिरकुना देविथान मर्मत |
| | जोर आहालदेखि पखेरा गोरेटो बाटो मर्मत |
| | लुम्दु आङ्खा गोरेटो बाटो मर्मत |
| | चङ्खोला देखि सामुदायिक भवनसम्म गोरेटो बाटो मर्मत |
| | राप्छाकु सडक सोलिङ |
| | देविथान अदानी गोरेटो बाटो मर्मत |
| | पाइविरे खोल्सा सडक मर्मत |
| | साम्सरना भुमेथान मर्मत |
| | चिलाउने घारी सडक सोलिङ |
| | सिद्ध खानेपानी मुहान जाने गोरेटो बाटो मर्मत |
| | दमाई गाउँ देखि ठाटी वरसम्म गोरेटो बाटो मर्मत |
| | गौरुङ टोलदेखि नेप्टेवरसम्म गोरेटो बाटो मर्मत |
| | डिटोल देखि भदौरेसम्म गोरेटो बाटो मर्मत |

**८. आकस्मिक औषधी खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु लगायत विषेश गरी प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्कबाट प्रवाह भइरहेको २४ घण्टे आकस्मिक तथा अन्तरङ्ग सेवा सञ्चालनार्थ नेपाल सरकारबाट सूचीकृत गरिएका ९८ प्रकारका निःशुल्क औषधी बाहेकका अन्य औषधी तथा औषधीजन्य सामाग्रीहरु विगतका वर्षहरुमा समेत खरिद गरी निःशुल्क रुपमा वितरण गरिदै आइरहेकोमा चालु आ.व. २०८०/०८१ मा समेत आकस्मिक सेवा सञ्चालनार्थ नेपाल सरकारबाट सशर्त अनुदान रकम आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद शीर्षकबाट खर्च हुने गरी तपसिल बमोजिमका आकस्मिक औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

## तपसिल

| नेपाल सरकारको निःशुल्क बाहेक आकस्मिक तथा इन्डोरको सञ्चालनकोलागि औषधी तथा औषधी जन्य सामाग्रीहरु | | |
|---|---|---|
| s.n. | Name of medicine | Specification |
| 1 | Examination Gloves Medium | PAIR |
| 2 | Gel diclofenaic | TUBE |
| 3 | Ondansetron 4 mg | TAB |
| 4 | Atorvastatine | TAB |
| 5 | Metroprolol 50 mg | TAB |
| 6 | Gel lignocaine 2% | PC |
| 7 | USG gel | LTR |
| 8 | Urobag | PC |
| 9 | Distill water 10 ml | AMP |
| 10 | Foley's Catheter 18CM | PIECE |
| 11 | Naso gastric tube | PCS |
| 12 | Arm sling adult | PCS |
| 13 | Arm sling pediatric | PCS |
| 14 | Creep Bandage roll 6" | PCS |
| 15 | Creep Bandage roll 4" | PCS |
| 16 | ROLL Bandage 6" | PCS |
| 17 | ROLL Bandage 4" | PCS |
| 18 | Plaster of peris 6" | PCS |
| 19 | Plaster of peris 4" | PCS |
| 20 | CREEP TAPE | PCS |
| 21 | SYRINGE 3ML | PCS |
| 22 | SYRINGE 10 ML | PCS |
| 23 | SYRINGE 20 MI | PCS |
| 24 | PAPER TAPE | PCS |
| 25 | ASTHALIN SOLUTION 10 ML | BOTTLE |
| 26 | IPRAVENT SOLUTION 10 ML | BOTTLE |
| 27 | EASY FIX TAPE | PCS |
| 28 | ORTHOPEDIC BANDAGE | PCS |
| 29 | INJDICLOPHENAIC75MG3ML | AMP |
| 30 | INJTRANSEMIC ACID 500MG | AMP |
| 31 | INJ METOCLOPRAMIDE 10 MG | AMP |
| 32 | INJPARACETAMOL INFUSION 500 MG | PHIAL |
| 33 | INJPENTAPRAZOL 40 MG | VIAL |
| 34 | INJFRUSAMIDE 40 MG | AMP |
| 35 | INJ TRAMADOL | AMP |
| 36 | INJAMOXYCILLIN+ CLAVULANIC ACID 1.2G | VIAL |
| 37 | INJ CEFTRIAXONE 1GRAM | VIAL |

| | | |
|---|---|---|
| 38 | INJ DEXTROSE 10 % | AMP |
| 39 | INJ DEXTROSE 25% | AMP |
| 40 | INJ MULTIVITAMIN POLYBION | AMP |
| 41 | INJ RANITIDINE | VIAL |
| 42 | INJKETROLLAC | AMP |
| 43 | INJNORADRANALINE | AMP |
| 44 | INJADRANALINNE | AMP |
| 45 | INJ HYDROCORTISONE 200MG | VIAL |
| 46 | INJpheneraminemeleate injection 22.75mg/2ml | AMP |
| 47 | IVF RINGER LACTATE | BOTTLE |
| 48 | IVFDextro normal saline 500ml | BOTTLE |
| 49 | IVF Normal saline 500 ml | BOTTLE |
| 50 | INJMgSO4 | AMP |
| 51 | INJKCL | AMP |
| 52 | INJCEFOTAXIM | VIAL |
| 53 | Inj. Ondenestarone 4 mg | AMP |
| 54 | Inj. Diazepam 10 mg | AMP |
| 55 | Inj. Regular insuline 100 unit | AMP |
| 56 | Inj. Neurobion | AMP |
| 57 | INJ. 3% NACL 100 ML | AMP |
| 58 | CATHER FOLEYS 18cm | PIECE |
| 59 | NESOGASTRIC TUBE 6 FR | PIECE |
| 60 | NESOGASTRIC TUBE 8 FR | PIECE |
| 61 | NESOGASTRIC TUBE 16 FR | PIECE |
| 62 | Distill water 10 ml | AMP |
| 63 | IV DRIP SET CHILD | PIECE |
| 64 | SURGICAL BLADE nom 11 | PIECE |
| 65 | ENT SET | SET |
| 66 | BP SET | SET |
| 67 | DIGITAL WEIGHT SCALE | PIECE |
| 68 | DIGITAL THERMOMETER | PIECE |

**९. विपद राहत उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ७, ऐसेलुखर्क स्थायी ठेगाना भएका ओम बहादुर विश्वकर्मा को मिति २०८० भाद्र ०७ गते अविरल वर्षाको कारण पहिरो झरी आरन घर पूर्ण रुपमा बन्द भएको भनी निवेदन प्राप्त भएको र ईलाका प्रहरी कार्यालय, ऐसेलुखर्कको स्थलगत सर्जमिन मुचुल्कामा समेत आरन व्यवसाय सञ्चालित घर भत्किन गई व्यवसाय पूर्ण रुपमा बन्द भएको भनि स्थलगत सर्जमिन मुचुल्का प्राप्त भएकोले निज निवेदकलाई ऐसेलुखर्क गाउँपालिका विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को २१ (ख)

बमोजिम रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) विपद कोषबाट राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

१०. सडक मर्मतको लागि ग्रावेल बोक्न प्रयोग भएको ट्याक्टर भाडा भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा लगातार वर्षाका कारण हिलाम्मे भएको सडकमा ग्रावेल बोक्नको लागि प्रयोग भएका तपसिल बमोजिमका ट्याक्टरभाडा गाउँपालिकाले निर्धारण गरेको प्रतिदिन भाडा दररेट अनुसार मर्मत कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | ट्याक्टर धनीको नाम, थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | राजिव एण्ड ब्रोदर्श | ऐसेलुखर्क-३ | रु.५५,०००/- | ऐसेलुखर्क देशारे सडक |
| २. | चेत नारायण राजभण्डारी | ऐसेलुखर्क-३ | रु.५५,०००/- | पाहुना घर पिडडाँडा सडक |
| ३. | मिनेश राजभण्डारी | ऐसेलुखर्क-३ | रु.५५,०००/- | ऐसेलुखर्क राई गाउँ सडक |
| ४. | डेविट राजभण्डारी | ऐसेलुखर्क-३ | रु.१६,५००/- | भष्मे सिरान टोल सडक |

११. मोटरसाईकल खरिदको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस कार्यालयबाट नियमानुसार खरिद भएको पल्सर २२० सिसि मोटरसाईकलको रकम यस कार्यालयबाट नियमानुसार जम्मा हुने कन्टिन्जेन्सी शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

१२. गाउँसभाका सदस्यहरुको सुविधा सम्बन्धमा ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका, गाउँसभा सदस्यहरुलाई कोशी प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ बमोजिम चाडपर्व खर्च अन्य भत्ता शीर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

१३. शीर्षक संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको रु. १,५०,०००/- र गाउँपालिकाको रु.१,५०,०००/- बाट संचालन हुने श्री मानुका प्रा.वि. सिलिङ मर्मतको योजनामा गाउँपालिकाको आ.व. २०८०/०८१ मा श्री जनहित प्रा.वि. राखा भनी भुलवश कार्यक्रम स्वीकृत भएकोले सो योजनाबाट श्री मानुका प्रा.वि. सिलिङ मर्मतको योजना लागत साझेदारीमा संचालन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

१४. निःशुल्क जग्गाको लागि सार्वजनिक सूचना आह्वान सम्बन्धमा ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३, ऐसेलुखर्कमा कभर्ड हल र व्यामशाला निर्माणको लागि कम्तिमा २ रोपनी र जातिय संग्रहालय निर्माणको लागि कम्तिमा ३

रोपनीभन्दा माथि निःशुल्क जग्गा गाउँपालिकाले प्रासिको लागि सार्वजनिक सूचना आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१५. योजना सम्झौता तथा रकम थप सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँपालिकाबाट संचालन हुने कुनै पनि योजनामा रु.१०,००,०००/- भन्दामाथिको योजना टेन्डर प्रक्रियाबाट संचालन गरिने भनिएता पनि ऐसेलखर्क गाउँपालिका वडा नं. ६, ज्यामिरेको चङ्खुले सल्ले जोड्ने सडक निर्माण रु.८,००,०००/- शीर्षकको योजना सम्झौता भइ गा.पा. को एस्काभेटरबाट निर्माण कार्य भइरहेको, लक्षित स्थानमा पुग्नको लागि थप रकमको आवश्यक परेको हुँदा ज्यामिरे सल्ले सडक निर्माण (दायित्व सिर्जना) मा विनियोजित रकम रु.१०,००,०००/- र भैपरी आउने पुँजीगत शीर्षकबाट रु.८,००,०००/- गरी थप रु.१८,००,०००/- बराबरको सोही समितिसँग सम्झौता गरी निर्माण कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**१६. चङ्खुले सल्ले जोड्ने सडक निर्माणको लागि ग्याबियन तारजाली सम्बन्धमा ।**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ६, ज्यामिरेको चङ्खुले सल्ले जोड्ने सडक निर्माण शीर्षकको योजनाको लागि आवश्यक ग्याबियन बक्स तारजाली निर्माणको लागि रु.३,००,०००/- भैपरी आउने पुँजीगत शीर्षकबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१७. अपाङ्गता रोकथाम तथा पुनःस्थापना लागत साझेदारी सम्बन्धमा ।**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, करुणा फाउण्डेशन नेपाल र ऐसेलुखर्क गाउँपालिकाको संयुक्त त्रिपक्षीय लागत साझेदारीको लागि गाउँपालिकाबाट रु. ८,००,०००/- विभिन्न कार्यक्रम लागत साझेदारी शीर्षकबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१८. बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को लागि बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम- आ.व. २०८०/२०८१

| क्र.स. | अनुदान प्राप्त क्रियाकलाप | बाँडफाँड भएको कार्यक्रम को नाम | बजेट | क्षेत्र | श्रोत | एकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न अनुदान | १०,००,०००/- | महिला तथा बालबालिका | युरोपियन युनियन | समूह | १ | ६२५००० | ६२५००० |
| २ | पोषण विशेष | पोषण विशेष कार्यक्रमहरु | | स्वास्थ्य | युरोपियन युनियन | १ | ७ | १५०००० | १५०००० |
| ३ | पोषण संबेदनशिल खानेपानी तथा ) सरसफाई, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रबन्ध) | सुनौला हजार दिनका अमहारुलाई विभिन्न जातका तरकारी बिउ वितरण | | कृषि तथा पशुसेवा शाखा | युरोपियन युनियन | १ | ७ | | ६४००० |
| | | पालिका स्तरीय खाद्य सुरक्षा निर्देशक समितिको बैठक | | कार्यालय संचालन | युरोपियन युनियन | पटक | २ | २५०० | ५६००० |
| | | वडा स्तरीय खाद्य सुरक्षा निर्देशक समितिको बैठक | | कार्यालय संचालन | युरोपियन युनियन | वडा | ७ | १५००० | १०५००० |
| ४ | | पोषण सहजकर्ता तलब तथा पोशाक भत्ता | | कार्यालय संचालन | गाउँ पालिका | १ | १३ | | थप जिम्मेवारी दिई गा.पा. सँगको सम्झौतामा थप मासिक रु. २,०००/- थप गरी कर्मचारी पारिश्रमिक तथा पोशाक भत्ता शीर्षकबाट साझेदारी गर्ने । |

Date: ..................................